# दंगीशरण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हेकुली, दाङ
५ नं.प्रदेश, नेपाल

प.सं. :- २०७६।०७७ मिति :२०७६।०४।१३
च. नं.

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७६/४/१३)**

**यस कार्यालयमा तपसिल बमोजिमका पदहरुमा प्रतियोगितात्मक परिक्षाद्धारा करारमा पदपुर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउपालिकाको कार्यालयमा दरखास्त पेश गर्न आह्वान गरिन्छ ।**

१. बिज्ञापन नं : ०१/०७६/०७७
क) पदः व्याकहोलोडर चालक
**ख) आबश्यक संख्याः** १ (एक)
**ग) शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट ५ कक्षा उतिर्ण गरी कम्तिमा ३ बर्ष व्याकुहोलोडर चालक भई कार्य गरेको, व्याकहोलोडरको सवारी चालक अनुमतिको प्रमाण-पत्र भएको तथा व्याकुहोलोडर सम्बन्धी प्राविधिक ज्ञान भएको हुनुपर्ने छ ।
२. विज्ञाप्न् नं. : ०२/०७६/०७७
क) पदः ट्र्यांक्टर चालक
**ख) आबश्यक संख्या** : १ (एक)
**ग) शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट ५ कक्षा उतिर्ण गरी कम्तिमा ३ बर्ष ट्र्याक्टर चालक भई कार्य गरेको, ट्र्याक्टरको सवारी चालक अनुमतिको प्रमाण-पत्र भएको तथा ट्र्याक्टर सम्बन्धी प्राबिधिक ज्ञान भएको हुनुपर्ने छ ।
**३. आबश्यक कागजातहरु** : व्यक्तिगत विवरण , नेपाली नागरिकताको प्रमाण पत्र, मान्यता प्राप्त शैक्षिक संस्थाबाट ५ कक्षा उर्तिण गरेको शैक्षिक योग्यताको प्रमाण-पत्र, कार्य अनुभव भए कार्य अनुभवको प्रमाण-पत्र, अन्य प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएको, पुरुषको हकमा १८ बर्ष पुगी ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष पुगी ४० बर्ष ननाघेको तथा अन्य कागजातहरु ।
**४. आबेदन शुल्कः** व्याकहोलोडर चालकको हकमा रु. ४००/- (चार सय ) र ट्र्याक्टरको चालकको हकमा रु. ३००/- (तीन सय) मात्र ।
**५.करार अबधिः** कार्यालयको नियम अनुसार हुनेछ ।
**६: तलब सुबिधाः** दुबैको हकमा मासिक १००००/- (दश हजार मात्र) अन्य सुबिधा कार्यालयको नियम अनुसार हुनेछ ।
**७. कार्य बिवरण** : कार्यालयले तोकेको जिम्मेबारी TOR बमोजिमको हुनेछ ।
**८. दरखास्त दिने अन्तिम मितिः** २०७६/०४/२७ सम्म कार्यालय समय भित्र आबेदन पेश गरि सक्नु पर्नेछ । यदि अन्तिम मितिमा कुनै सार्बजनिक बिदा परेमा त्यसको भोली पल्ट सम्म आबेदन पेश गर्न सकिने छ ।
**९. सम्पर्क मितिः** २०७६ श्रावण २८ गते
अन्य थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

- सूचनामा उल्लेख भएका बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संमयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस समितिले निर्धारण गरेबमोजिम हुनेछ ।
- स्थानीयलाई बिशेष प्राथमिकता दिईनेछ ।

**१०.परीक्षाको किसिम :** प्रयोगात्मक तथा अन्तरबार्ता ।
**११. द्रष्टव्य :** पेश गरिने प्रमाण-पत्रको प्रतिलिपिको पछिल्लो पट्टि उम्मेदवारले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्ने ।

.........................
(प्रमुख प्रशासकीय अधिकृत)

**चन्द्रकान्त पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**